# न्यून बीजकीकरण भएका मालवस्तु खरिद सम्बन्धी निर्देशिका, २०७३

**प्रस्तावना:**

भन्सार जाँचपासका लागि घोषणा भएका मालवस्तुहरुमा हुने न्यून बीजकीकरणवाट राजस्व संकलनमा प्रतिकूल अवस्था सिर्जना हुन नदिन र बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी, सक्षम र तटस्थ राख्न भन्सार ऐन, २०६४ को दफा ९३ बमोजिम भन्सार विभागले यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **नाम र प्रारम्भिक:** (१) यो निर्देशिकाको नाम "न्यून बीजकीकरण भएका मालवस्तु खरिद सम्बन्धी निर्देशिका - २०७३" रहेको छ ।

(२) यो निर्देशिका मिति २०७३ मंसिर १ गतेदेखि लागू हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) **"ऐन"** भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले भन्सार कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"कार्यालय प्रमुख"** भन्नाले भन्सार कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) **"न्यून बीजकीकरण"** भन्नाले ऐनको दफा १३ को उपदफा (१५) बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्य भन्दा घटि भएको अवस्था संझनु पर्दछ ।

(ङ.) **"नियमावली"** भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्दछ ।

(च) **"महानिर्देशक"** भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्दछ ।

(ज) **"विभाग"** भन्नाले भन्सार विभाग सम्झनु पर्दछ ।

३. **न्यून बीजकीकरणको मालवस्तु खरिद गर्न प्रमाण संकलन गर्नुपर्ने:** भन्सार अधिकृतले न्यून बीजकीकरण भएको मालवस्तु खरिद गर्ने प्रयोजनका लागि त्यस्ता वस्तुको मूल्य यकिन हुने प्रकृतिको सूचना संकलन गरी राख्नु पर्नेछ । यसरी सूचना संकलन गर्दा देहाय बमोजिमका सूचना तथा कागजातहरुलाई प्रमाणको रुपमा उपयोग गर्न सकिनेछ ।

(१) घोषणा भएको मालवस्तुकै प्रकृतिको विगत ९० दिनभित्र पैठारी भएको समरुप वा मिल्दोजुल्दो मालवस्तुको कार्यालय वा विभागको सर्भरमा रहेको तथ्यांक आधार (डाटा वेस)

(२) घोषणा भएको मालवस्तुको उत्पादक वा आधिकारीक विक्रेताको वेभसाईटमा निर्यातको लागि प्रकाशित सूचना मूल्य,

(३) त्यस्ता मालवस्तुको उत्पादक कम्पनी वा निकासीकर्ता कम्पनीले नेपालका अन्य पैठारीकर्तालाई विक्री गरेको मूल्य,

(४) निजी क्षेत्रका संघ संस्थाहरुले प्रकाशित गरेको मूल्य सूची,

(५) नेपाल सरकार वा संगठित संघसंस्थाले त्यस्ता मालवस्तु पैठारी गर्दा भन्सार विन्दुमा घोषणा गरेको मूल्य ।

४. **खरिद गर्ने विधिः** न्यून बीजकीकरण_भएका मालवस्तुहरु खरिद गर्दा निम्नानुसारको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ :-

(१) पैठारीकर्ताले भन्सार मूल्यांकनका लागि ऐनको दफा १३ को उपदफा (३) वमोजिम घोषणा गरेको मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न आवश्यक पर्ने थप कागजात, प्रमाण वा पुष्टयाई लिखित रुपमा माग गर्ने,

(२) उपदफा (१) वमोजिम थप कागजात, प्रमाण वा पुष्टयाई पेश गरेमा सो समेत विश्लेषण गरी ऐनको दफा १३ वमोजिम भन्सार मूल्य निर्धारण गर्ने,

(३) उपदफा (२) वमोजिम निर्धारण भएको मूल्य पैठारीकर्ताले घोषणा गरेको मूल्यभन्दा वढी भई त्यस्तो मालवस्तु खरिद गर्न उपयुक्त छ भन्ने लागेमा कार्यालय प्रमुखले आफ्नो राय सहित स्वीकृतिको लागि महानिर्देशक समक्ष लेखिपठाउनुपर्ने छ ।

**भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (१५) को व्यवस्था**

(१५) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य यस दफाबमोजिम भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा घटी भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्वन्धमा देहायबमोजिम गर्न सक्नेछः-

(क) त्यसरी घटी भएको जति मूल्यमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) महानिर्देशकको पूर्व स्वीकृति लिई, त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरिद गर्ने गराउने ।

**भन्सार नियमावली २०६४ को व्यवस्था**

परिच्छेद-६
न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिदसम्बन्धी व्यवस्था

२९. न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था : (१) ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्ने प्रयोजनको निमित्त नेपाल सरकारले विभागलाई आवश्यक रकम विनियोजन गर्नेछ।

(२) उपनियम (१) बमोजिम विनियोजित रकम विभागले भन्सार कार्यालयहरुलाई आवश्यकताका आधारमा उपलव्ध गराउने छ।

३०. खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) वमोजिम मालवस्तु खरिद गरीएको मालवस्तु परिच्छेद ७ वमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ।

३१. ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) वमोजिम मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्वन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेण्टलाई सो कुराको लिखित सूचना अनुसूची - ४ वमोजिमको ढांचामा दिनु पर्नेछ।

**अनुसूची-४**
**(नियम३१सँगसम्बन्धित)**
मालवस्तु खरिद गर्ने सम्बन्धमा पैठारीकर्तालाई दिने सूचनाको ढाँचा

नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग

............भन्सार कार्यालय

मितिः

**विषय : मालवस्तु खरिद गर्ने बारे।**

श्री . . . . . . . . . . . . . . . . . .

........ . . . . . . . . . .

पान नं. : . . . . . . . . . . . . . .

तपाईले पैठारी गरी ल्याउनु भएको देहायबमोजिमको मालवस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १५ को खण्ड (ख) बमोजिम यस कार्यालयले खरिद गर्ने भएकोले भन्सार नियमावली २०६४ को नियम ३१ बमोजिम तपाईलाई यो सूचना दिइएको छ। तल उल्लेखित रकम यस कार्यालयबाट भुक्तानी

लिनु होला ।

<u>खरिद गरिने मालवस्तुको विवरण</u>

१. प्रतीतपत्र नं. र मिति :
२. बीजक नं. र मिति :
३. प्रज्ञापनपत्र दर्ता नं. र मिति :
४. मालवस्तुको विवरण :
५. मालवस्तुको घोषित मूल्य :
६. खरिदवापत भुक्तानी गरिने रकम रु. . . . .. .

भन्सार अधिकृतको दस्तखत

(नाम)

---

**भन्सार मूल्यांकन निर्देशिका २०६८ को व्यवस्था**

**परिच्छेद -६ न्यून बीजकीकरणको सामान खरिद सम्बन्धी व्यवस्था**

२४. न्यून बिजकीकरण :- (१) पैठारी भएको मालवस्तुका सम्बन्धमा पैठारीकर्ताले घोषणा गरेको मूल्यभन्दा ऐन बमोजिम भन्सार अधिकृतले निर्धारण गरेको मूल्य वढी भएमा त्यस्तो मालवस्तुलाई न्यून बीजकीकरण गरेको मानिनेछ ।

(२) कुनै पैठारीकर्ताले न्यून बिजकीकरण गरी मालवस्तु पैठारी गरेमा ऐनको दफा १३ को उपदफा (१५) बमोजिम भन्सार अधिकृतले देहायबमोजिम गर्न सक्ने व्यवस्था छ:

(क) त्यसरी घटी भएको मूल्य जतिमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) महानिर्देशकको पूर्वस्वीकृति लिई घोषित मूल्यमा पाँच प्रतिशत थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी सो मालवस्तु खरिद गर्ने वा वा गराउने ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम खरिद गर्न मनासिव देखिएमा भन्सार अधिकृतले कारण र आधार खोली स्वीकृतिका लागि महानिर्देशकसमक्ष लेखिपठाउनु पर्नेछ । त्यसरी लेखी आएमा महानिर्देशकले तीन दिनभित्र निर्णय दिनुपर्नेछ ।

(४) महानिर्देशकबाट खरिद गर्ने गरी स्वीकृति प्राप्त भएमा नियमावलीको अनुसूची ४ मा उल्लेख भए

बमोजिमको ढाँचामा भन्सार अधिकृतले पैठारीकर्तालाई तुरून्त जानकारी दिइ आवश्यक रकम भुक्तानी गरी त्यस्तो मालवस्तु खरिद गर्नुपर्दछ ।

(५) उपदफा (४) बमोजिम खरिद गरिएको मालवस्तु लिलाम बिक्री गर्ने सम्बन्धमा नियमावलीको परिच्छेद ७ बमोजिम गर्नुपर्दछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृतिका लागि लेखी आएमा महानिर्देशकले तीन दिनभित्र निर्णय दिनुपर्नेछ । महानिर्देशकले मालवस्तु खरिदको निर्णय गर्दा पैठारीकर्तालाई सोको भुक्तानी दिने रकम निकाशाको समेत निर्णय गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम महानिर्देशकको स्वीकृति प्राप्त भएपछि कार्यालय प्रमुखले पैठारीकर्तालाई उक्त मालवस्तु ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम घोषीत मूल्यमा पांच प्रतिशत थप गरी नेपाल सरकारले खरिद गर्ने निर्णय भएको जानकारी गराउनु पर्नेछ ।

(६) कार्यालय प्रमुखले उपदफा (५) बमोजिम त्यस्ता मालवस्तु खरिद गरे वापत पैठारीकर्तालाई भुक्तानी दिनुपर्ने रकम  विभागवाट निकासा प्राप्त भएको तीन दिनभित्र सम्वन्धित पैठारीकर्तालाई भुक्तानी दिनु पर्नेछ ।

**५. पैठारीकर्ताको आग्रहमा खरिद नहुने:**

न्यून बीजकीकरण भएका मालवस्तु खरिद गर्दा त्यस्ता मालवस्तुको पैठारीकर्ताको आग्रह वा अनुरोधमा नभई कार्यालयका तर्फबाट न्यून बीजकीकरणको ठोस आधार र तरिकामा आधारित भई मात्र खरिद गर्नुपर्नेछ ।

**६. महानिर्देशकको स्वीकृतिको लागि विभाग पठाउदा खुलाउनुपर्ने:** न्यून बीजकीकरण भएको मनासिब कारण भई त्यस्तो मालवस्तु खरिद गर्नुपर्ने विषयमा कार्यालय प्रमुख सहमत भएमा देहायका विषयहरु स्पष्ट खुलाई ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) वमोजिम महानिर्देशकको स्वीकृतिका लागि पठाउनु पर्नेछ :-

(क) खरिद गरिने मालवस्तुको विवरण,

(ख) पैठारीकर्ता र भन्सार एजेन्टको नाम,

(ग) मालवस्तु भन्सारमा घोषणा भएको मिति,

(घ) पैठारीकर्ताले घोषणा गरेको मूल्य,

(ङ.) भन्सार कार्यालयवाट निर्धारण गरीएको मूल्य

(च) कार्यालयले न्यून बीजकीकरण भएको भनी लिएको आधार र सो पुष्टि हुने प्रमाण,

(छ) खरिद गर्दा नेपाल सरकारलाई पर्ने आर्थिक व्ययभार,

(ज) खरिद भएको मालवस्तुको व्यवस्थापन गर्ने तरिकाहरु ।

**७. न्यून बीजकीकरण भएको मालवस्तु खरिद गरेवापत भुक्तानीः**

न्यून बीजकीकरण भएको मालवस्तु खरिदका लागि महानिर्देशकवाट स्वीकृति प्राप्त भएपश्चात पैठारीकर्ताले घोषणा गरेको मूल्यमा पांच प्रतिशत मूल्य थप गरी प्राप्त अख्तियारी वमोजिम मौजुदा रहेको रकम वा विभागवाट थप निकासा माग गरी निकासा प्राप्त भएको तीन दिनभित्र सम्बन्धित पैठारीकर्तालाई भुक्तानी दिनुपर्नेछ ।

**८. खरिद गरिएका मालवस्तु व्यवस्थापन गर्नुपर्नेः**

खरिद गरिएका मालवस्तुहरु नेपाल सरकारले प्रयोग गर्नेगरी निर्णय भएको अवस्थामा सोही वमोजिम र त्यस्तो निर्णय नभएको अवस्थामा नियमावली वमोजिम लिलाम विक्री गर्नुपर्नेछ ।

**९. खरिद गरिएका मालवस्तुको अभिलेख राख्नुपर्नेः**

(१) न्यून बीजकीकरण भई खरिद गरिएको मालवस्तुको अभिलेख अनुसूची - १ वमोजिमको ढांचामा राख्नुपर्ने छ ।

(२) यसरी खरिद गरीएका मालवस्तु पैठारीका लागि आशिकुडा प्रणालीमा घोषणा भइसकेको भए सो को अभिलेख प्रणालीमा व्यवस्थित गर्नुपर्ने छ ।

**१०. वाभिmएमा हुने** : यस निर्देशिकामा उल्लेख भएका कुराहरु ऐन तथा नियमावलीसंग वाभिmएमा ऐन तथा नियमावली अनुसार नै हुनेछ ।

**११ . संशोधन र खारेजी :**

(१) पैठारीकर्ताले न्यून बीजकीकरण गरी घोषण गरेको मालवस्तु खरिद गर्ने गराउने सम्वन्धि निर्देशिका २०६६ खारेज गरिएको छ ।

(२) पैठारीकर्ताले न्यून बीजकीकरण गरी घोषणा गरेको मालवस्तु खरिद गर्ने गराउने सम्वन्धि निर्देशिका २०६६ वमोजिम भए गरेका कामहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिने छन् ।

# अनुसूची - १

(दफा १० संग सम्वन्धित)

**<u>खरिद गरिएका मालवस्तुको अभिलेखमा राख्नुपर्ने न्यूनतम विवरण</u>**

१. पैठारीकर्ताको विवरण (नाम, ठेगाना, स्थायी लेखा नं वा निकशी पैठारी संकेत नं)

२. मालवस्तुको विवरण परिमाण

३. वीजक तथा प्रतितपत्र नं र मिति

४.उत्पत्तीको मूलुक,

५. चलान गरिएको देश

६. बीजकमा उल्लेखित (प्रति ईकाइ समेत ) जम्मा मूल्य,

७. भन्सार कार्यालयवाट निर्धारण गरिएको मूल्य ( प्रति ईकाइ समेत)

८. महानिर्देशकवाट स्वीकृत भएको मिति

९. पैठारीकर्तालाई भुक्तानी दिएको रकम र मिति